رئاسة الشؤون الدينية
بالمسجد الحرام والمسجد النبوي

नेपाली | نيبالي | العَقِيدَةُ الصَّحِيْحَةُ وَمَا يُضَادُّهَا

# सही आस्था र यसका विपरीत कुराहरू

आदरणीय शैख

अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज (रहिमहुल्लाह)

العَقِيدَةُ الصَّحِيْحَةُ وَمَا يُضَادُّهَا

# सही आस्था र यसका विपरीत कुराहरू

لِسَمَاحَةِ الشَّيْخِ العَلَّامَةِ
عَبْدِ العَزِيزِ بْنِ عَبْدِ اللهِ بْنِ بَازٍ
رَحِمَهُ اللهُ


लेखः आदरणीय शैख

अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज (रहिमहुल्लाह)

بِسْمِ اللهِ الرَّحمَنِ الرَّحِيمِ

## पहिलो पत्र:

## सही आस्था र यसका विपरीत कुराहरू

सम्पूर्ण प्रशंसाहरू केवल एक अल्लाहका लागि हुन्। दरूद र सलाम (दया एवं शान्ति) अवतरित होस् अल्लाहका अन्तिम सन्देशवाहक तथा सबै नबीहरूका समापक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम), उहाँका परिवार र सबै सहाबाहरू (साथीहरू) माथि।

तत्पश्चात्: सही र विशुद्ध आस्था नै इस्लाम धर्मको मूल आधार भएकोले, मैले यस विषयमा चर्चा गर्नु र यसको वर्णन तथा स्पष्टीकरणका लागि लेख–रचना गर्नु महत्त्वपूर्ण ठानेको छु।

कुरआन र हदीसका प्रमाणहरूले यो कुरा स्पष्ट र सर्वविदित छ: कर्म र भनाइहरू तब मात्र सही र स्वीकार्य हुन्छन् जब ती सही आस्थामा आधारित हुन्छन्। तर यदि आस्था सही छैन भने त्यसबाट उत्पन्न हुने सबै कर्म र भनाइहरू अमान्य हुन्छन्, जस्तै अल्लाह तआलाले भन्नुभएको छ:

﴿...وَمَن يَكۡفُرۡ بِٱلۡإِيمَٰنِ فَقَدۡ حَبِطَ عَمَلُهُۥ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ﴾

"...जसले आस्थालाई अस्वीकार गर्छ, उसका सम्पूर्ण कर्महरू नष्ट हुनेछन् र ऊ परलोक (आखिरत) मा घाटा बेहोर्नेहरूमध्ये हुनेछ।"

[अल्-माइदा: ५]

अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَلَقَدۡ أُوحِيَ إِلَيۡكَ وَإِلَى ٱلَّذِينَ مِن قَبۡلِكَ لَئِنۡ أَشۡرَكۡتَ لَيَحۡبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ ٱلۡخَٰسِرِينَ ٦٥﴾

“निस्सन्देह, तिमीलाई र तिमीभन्दा पहिलेकाहरूलाई यही वह्यी गरिएको छ; यदि तिमीले पनि शिर्क गर्यौ भने अवश्य नै तिम्रा कर्महरू नष्ट हुनेछन् र तिमी अवश्य घाटा बेहोर्नेहरूमध्ये हुनेछौ।”

[अज्जुमर : ६५]

यस अर्थका धेरै अन्य आयतहरू पनि छन्। अल्लाहको स्पष्ट ग्रन्थ र उहाँका विश्वसनीय रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नतले प्रमाणित गर्दछ, सही आस्था (अकीदा) छ वटा कुराहरूमा आधारित छ; ती हुन्: अल्लाहमा ईमान, उहाँका फरिश्ताहरूमा ईमान, उहाँका किताबहरूमा ईमान, उहाँका रसूलहरूमा ईमान, अन्तिम दिनमा ईमान र कदर (भाग्य) का राम्रो र नराम्रो दुवै पक्षमा ईमान। यी छ वटा कुराहरू नै सही आस्थाका मूल आधारहरू हुन्, जुन अल्लाहको महान पुस्तक (कुरआन) मा अवतरण गरिएका छन् र जसका लागि अल्लाहले रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभएको हो।

यी छ वटा सिद्धान्तहरूको प्रमाण कुरआन र सही हदीसहरूमा प्रशस्त मात्रामा पाइन्छ, उदाहरणका लागि तीमध्ये केही निम्नलिखित छन्:

पहिलो: कुरआनबाट प्रमाणहरू; तीमध्ये अल्लाह तआलाको यो

भनाइ हो:

﴿لَّيۡسَ ٱلۡبِرَّ أَن تُوَلُّواْ وُجُوهَكُمۡ قِبَلَ ٱلۡمَشۡرِقِ وَٱلۡمَغۡرِبِ وَلَٰكِنَّ ٱلۡبِرَّ مَنۡ ءَامَنَ بِٱللَّهِ وَٱلۡيَوۡمِ ٱلۡأٓخِرِ وَٱلۡمَلَٰٓئِكَةِ وَٱلۡكِتَٰبِ وَٱلنَّبِيِّـۧنَ...﴾

"सत्कर्म (नेकी) यो होइन कि तिमीहरूले आफ्नो अनुहार पूर्व वा पश्चिमतर्फ फर्काउ; बरु वास्तविक पुण्य उसको हो, जसले अल्लाह, अन्तिम दिन (कयामत), फरिश्ताहरू, ईश्वरीय ग्रन्थहरू र रसूलहरूप्रति दृढ आस्था राख्दछ...।" [अल् बकरह: १७७]

त्यसैगरी अल्लाहले भन्नुभएको छ:

﴿ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيۡهِ مِن رَّبِّهِۦ وَٱلۡمُؤۡمِنُونَۚ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّن رُّسُلِهِۦ...﴾

रसूलले आफ्नो पालनकर्ताबाट उहाँमाथि अवतरित गरिएको कुरामा ईमान राखे र मोमिनहरूले पनि। तिनीहरू सबैले अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका पुस्तकहरू र उहाँका रसूलहरूमाथि ईमान राखेका छन्। (उनीहरू भन्छन्:) "हामी उहाँका रसूलहरूमध्ये कसैबीच पनि भेदभाव गर्दैनौं..।" [अल् बकरह: २८५]

अल्लाहले भन्नुभएको छ:

﴿يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ ءَامِنُواْ بِٱللَّهِ وَرَسُولِهِۦ وَٱلۡكِتَٰبِ ٱلَّذِي نَزَّلَ عَلَىٰ رَسُولِهِۦ وَٱلۡكِتَٰبِ ٱلَّذِيٓ أَنزَلَ مِن قَبۡلُۚ وَمَن يَكۡفُرۡ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ وَٱلۡيَوۡمِ ٱلۡأٓخِرِ فَقَدۡ ضَلَّ ضَلَٰلَۢا بَعِيدًا ١٣٦﴾

“हे आस्थावानहरू! अल्लाहमा, उहाँका रसूलमा र त्यो ग्रन्थमा जुन उहाँले आफ्ना रसूलमाथि अवतरण गर्नुभएको छ तथा ती सबै ग्रन्थहरूमा जुन यसअघि अवतरण गरिएका थिए—सबैमा ईमान राख। जसले अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका ग्रन्थहरू, उहाँका रसूलहरू र अन्तिम दिन (आखिरत) लाई अस्वीकार गर्छ, निश्चय नै ऊ गम्भीर रूपमा पथभ्रष्ट भई सत्यमार्गबाट धेरै टाढा पुगेको हुन्छ।” [अन्निसाः १३६]

अल्लाहले भन्नुभएको छ:

﴿أَلَمۡ تَعۡلَمۡ أَنَّ ٱللَّهَ يَعۡلَمُ مَا فِي ٱلسَّمَآءِ وَٱلۡأَرۡضِۚ إِنَّ ذَٰلِكَ فِي كِتَٰبٍۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ ٧٠﴾

“के तिमीलाई थाहा छैन आकाश र पृथ्वीमा जे–जति छ, अल्लाहले ती सबै कुरा जान्नुहुन्छ? निश्चय नै यो सबै एक किताब (लौहे महफूज) मा लेखिएको छ। निःसन्देह, यो अल्लाहका लागि अति सजिलो छ।” [अल् हज्जः ७०]

दोस्रो: सुन्नत (हदीस) बाट प्रमाणहरू;

यस सन्दर्भमा इमाम मुस्लिमले आफ्नो ‘सहीह मुस्लिम’ मा अमीरुल मोमिनीन उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) बाट वर्णन गर्नुभएको एक प्रख्यात र सही हदीस छ, जसमा जिब्रील (अलैहिस्सलाम) ले नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग ईमान (आस्था) बारे प्रश्न गरे, तब उहाँले भन्नुभयो:

«الإِيمَانُ أَنْ تُؤْمِنَ بِاللَّهِ، وَمَلَائِكَتِهِ، وَكُتُبِهِ، وَرُسُلِهِ، وَالْيَوْمِ الآخِرِ، وَتُؤْمِنَ بِالْقَدَرِ خَيْرِهِ وَشَرِّهِ».

"ईमान भनेको तिमी अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका किताबहरू, उहाँका रसूलहरू, अन्तिम दिन (कयामत) र क़दर (भाग्य) का राम्रो र नराम्रो दुवै पक्षमा ईमान राख ....।"[1] यस हदीसलाई इमाम बुखारी र मुस्लिमले, थोरै भिन्नताका साथ, अबू-हुरैरह (रजिअल्लाहु अन्हु) बाट वर्णन गरेका छन्।

यी छ वटा आधारभूत सिद्धान्तहरूअन्तर्गत, एक साँचो मुस्लिमले अल्लाह, परलोक (कयामत) र 'गैब' (अदृश्य) सँग सम्बन्धित ती सबै विषयहरूमाथि अनिवार्य रूपमा पूर्ण ईमान राख्नुपर्छ, जसका बारेमा अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई जानकारी दिनुभएको छ।

यी छ वटा आधारहरूको व्याख्या यस प्रकार छ:

## पहिलो आधार: सर्वशक्तिमान अल्लाहप्रति आस्था:

यसमा धेरै कुराहरू समावेश छन्; तीमध्ये केही हुन्: अल्लाह नै एकमात्र सत्य उपास्य हुनुहुन्छ र उहाँबाहेक अरू कोही पनि उपासना योग्य छैन भनेर ईमान राख्नु; किनकि उहाँ नै सम्पूर्ण सृष्टिहरूका सृष्टिकर्ता, उनीहरूमाथि कृपा गर्ने, उनीहरूको जीविकोपार्जनको व्यवस्था गर्ने, उनीहरूका गोप्य तथा प्रकट सबै कुराहरू जान्ने, तथा

[1] (मुस्लिम: ८)

आज्ञाकारीलाई प्रतिफल दिने र अवज्ञाकारीलाई दण्ड दिन पूर्ण रूपमा सक्षम हुनुहुन्छ।

अल्लाहले जिन्न र मानव (दुवै भारी सृष्टि) लाई यही उपासनाको लागि सृष्टि गर्नुभएको छ र उनीहरूलाई त्यसैको आदेश दिनुभएको छ, जस्तै अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ٥٦ مَآ أُرِيدُ مِنْهُم مِّن رِّزْقٍ وَمَآ أُرِيدُ أَن يُطْعِمُونِ ٥٧ إِنَّ ٱللَّهَ هُوَ ٱلرَّزَّاقُ ذُو ٱلْقُوَّةِ ٱلْمَتِينُ ٥٨﴾

“मैले जिन्न र मानवलाई केवल आफ्नो उपासना गर्नकै लागि सृष्टि गरेको हुँ।

म तिनीहरूबाट कुनै रोजी (जीविका) चाहन्न र यो पनि चाहन्न कि उनीहरूले मलाई खुवाऊन्।

निश्चय नै अल्लाह नै (सबैलाई) रोजी (जीविका) प्रदान गर्नुहुन्छ अनि उहाँ महान् शक्तिशाली र अत्यन्त दृढ हुनुहुन्छ।"

[अज्-जारियात: ५६-५८]

अल्लाहले भन्नुभएको छ:

﴿يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱعْبُدُوا۟ رَبَّكُمُ ٱلَّذِى خَلَقَكُمْ وَٱلَّذِينَ مِن قَبْلِكُمْ لَعَلَّكُمْ تَتَّقُونَ ٢١ ٱلَّذِى جَعَلَ لَكُمُ ٱلْأَرْضَ فِرَٰشًا وَٱلسَّمَآءَ بِنَآءً وَأَنزَلَ مِنَ ٱلسَّمَآءِ مَآءً فَأَخْرَجَ بِهِۦ مِنَ ٱلثَّمَرَٰتِ رِزْقًا لَّكُمْ ۖ فَلَا تَجْعَلُوا۟ لِلَّهِ أَندَادًا وَأَنتُمْ تَعْلَمُونَ ٢٢﴾

"हे मानवजाति ! आफ्ना ती पालनकर्ताको उपासना (इबादत) गर,

जसले तिमीलाई र तिमीभन्दा अघिका मानिसहरूलाई सृष्टि गर्नुभयो, ताकि तिमीहरू संयमी बन्न सक।

जसले तिम्रो निम्ति पृथ्वीलाई ओछ्यान र आकाशलाई छाना बनाउनुभयो र आकाशबाट वर्षा गराएर त्यसद्वारा तिम्रो आहारको निम्ति थरि–थरिका फल–फूल उत्पन्न गर्नुभयो। खबरदार! सत्यको ज्ञान हुँदाहुँदै कसैलाई पनि अल्लाहको साझेदार (समकक्ष) नबनाऊ।"

[अल् बकरह: २१-२२]

यस सत्यलाई स्पष्ट पार्न, मानिसहरूलाई यसतर्फ आह्वान गर्न र यसको विपरीत कुराहरूबाट सचेत गराउन अल्लाहले रसूलहरू र आकाशीय ग्रन्थहरू पठाउनुभएको हो। अल्लाहले भन्नुभएको छ:

﴿وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَ...﴾

"हामीले प्रत्येक समुदायमा एक सन्देशवाहक (रसूल) पठायौं ताकि (उनले आह्वान गरून्): 'मात्र एक अल्लाहको उपासना गर र 'ताग़ुत' (अल्लाह बाहेकका असत्य उपास्यहरू) बाट पूर्ण रूपमा टाढा बस...।'" [अन्-नहल: ३६] अल्लाहको अर्को वचनमा छ:

﴿وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِيٓ إِلَيۡهِ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدُونِ ٢٥﴾

"(हे मुहम्मद!) हामीले तपाईंभन्दा अघि जति पनि सन्देशवाहकहरू पठायौँ, तिनीहरूतर्फ यही ‘वह्य’ (ईश्वरीय सन्देश) अवतरण गऱ्यौँ; ‘म बाहेक कोही सत्य पूज्य छैन, त्यसैले मेरो उपासना गर।"

[अल् अम्बिया: २५]

अल्लाहले भन्नुभएको छ:

﴿الر كِتَابٌ أُحْكِمَتْ آيَاتُهُ ثُمَّ فُصِّلَتْ مِنْ لَدُنْ حَكِيمٍ خَبِيرٍ۝١ أَلَّا تَعْبُدُوا إِلَّا اللَّهَ إِنَّنِي لَكُمْ مِنْهُ نَذِيرٌ وَبَشِيرٌ۝٢﴾

"अलिफ-लाम-रा। यो एउटा यस्तो किताब हो, जसका आयतहरू पूर्ण र अटल छन् र फेरि तत्वदर्शी, सर्वज्ञानी (अल्लाह) को तर्फबाट स्पष्ट रूपमा व्याख्या गरिएका छन्।

अल्लाह बाहेक अरू कसैको उपासना नगर। वास्तवमा म तिमीहरूलाई उहाँको तर्फबाट सचेत गराउने र शुभसूचना दिने व्यक्ति हुँ।" [हूद: १-२]

यस उपासनाको वास्तविकता भनेको अल्लाहलाई भक्तहरूले गर्ने सबै उपासनामा एकल (अद्वितीय) बनाउनु हो; जस्तै दुआ, डर, आशा, नमाज, रोजा, कुर्बानी, भाकल र अन्य सबै प्रकारका उपासनाहरू। यी सबै उहाँप्रति पूर्ण विनम्रताका साथ, उहाँको प्रतिफलको इच्छा र उहाँको दण्डको भयका साथ, साथै उहाँप्रतिको पूर्ण प्रेम र उहाँको महानता सामु अत्यन्त नम्रताका साथ गर्नुपर्छ।

अनि जसले पवित्र कुरानलाई मनन गर्छ उसले यसको अधिकांश भाग यस महान सिद्धान्तको बारेमा अवतरित भएको पाउनेछ; जस्तै सर्वशक्तिमानको भनाइ:

﴿إِنَّآ أَنزَلۡنَآ إِلَيۡكَ ٱلۡكِتَٰبَ بِٱلۡحَقِّ فَاعۡبُدِ اللَّهَ مُخۡلِصًا لَهُ الدِّينَ ۝٢ أَلَا لِلَّهِ الدِّينُ الۡخَالِصُ وَٱلَّذِينَ ٱتَّخَذُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَ مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ إِنَّ

﴿ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ كَٰذِبٞ كَفَّارٞ ٣﴾

"निस्सन्देह, हामीले तिमीमाथि सत्यताका साथ किताब अवतरित गरेका छौं। त्यसैले आफ्नो धर्मलाई पूर्ण रूपमा उहाँकै लागि समर्पित गर्दै अल्लाहकै उपासना गर।

सुन! शुद्ध (खालिस) धर्म केवल अल्लाहकै लागि हो। जसले उहाँ बाहेक अरूलाई संरक्षक (मित्र/सहायक) बनाएका छन् (भन्छन्): 'हामी तिनीहरूको उपासना केवल यस कारण गर्छौं कि तिनीहरूले हामीलाई अल्लाहको नजिक पुऱ्याऊन्।' निश्चय नै अल्लाह तिनीहरूबीच तिनीहरूका मतभेदको विषयमा निर्णय गर्नुहुनेछ। निश्चय नै अल्लाह झूटो र कृतघ्न व्यक्तिलाई मार्गदर्शन गर्नुहुन्न।" [अज्जुमर: २-३]

अल्लाहले भन्नुभएको छ:

﴿وَقَضَىٰ رَبُّكَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُ...﴾

"अनि तिम्रा पालनकर्ताले आदेश दिनुभएको छ; तिमीहरूले उहाँ बाहेक कसैको पूजा नगर... ।" [अल् इस्राः २३]

अल्लाहले भन्नुभएको छ:

﴿فَٱدۡعُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ وَلَوۡ كَرِهَ ٱلۡكَٰفِرُونَ ١٤﴾

"त्यसैले आफ्नो धर्मलाई अल्लाहकै लागि शुद्ध बनाएर उहाँको उपासना गर, चाहे काफिरहरूलाई मन नपरोस्।" [गाफिर: १४]

यसैगरी, जसले पैगम्बरको सुन्नतलाई मनन गर्छ उसले यो महान

सिद्धान्तलाई अत्यधिक महत्त्व दिइएको पाउँछ। यसै सन्दर्भमा, बुखारी र मुस्लिममा मुआज (रजिअल्लाहु अन्हु) द्वारा वर्णित हदीस छ, जसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«حَقُّ اللهِ عَلَى العِبَادِ أَن يَعْبُدُوهُ وَلَا يُشْرِكُوا بِهِ شَيْئًا».

"भक्तरूमाथि अल्लाहको अधिकार भनेको उनीहरूले केवल अल्लाहको उपासना गरून् र उहाँसँग कुनै पनि कुरालाई साझेदार नबनाऊन्।"[1]

अल्लाहप्रतिको आस्थाअन्तर्गत इस्लामका पाँच आधारभूत स्तम्भहरूलगायत अल्लाहले आफ्ना भक्तहरूमाथि अनिवार्य गर्नुभएका सम्पूर्ण कर्तव्यहरूमाथि विश्वास राख्नु पनि समावेश हुन्छ।

ती हुन्: 'ला इलाहा इल्लल्लाह मुहम्मदुर रसूलुल्लाह' को गवाही दिनु, नमाज स्थापना गर्नु, जकात दिनु, रमजानको रोजा राख्नु र सामर्थ्य व्यक्तिले अल्लाहको पवित्र घर (काबा) को हज गर्नु; साथै शुद्ध शरिअतले ल्याएका अन्य सबै फर्ज कर्तव्यहरू पनि।

यी स्तम्भहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण र महान् स्तम्भ हो: 'ला इलाहा इल्लल्लाह मुहम्मदुर रसूलुल्लाह' को गवाही दिनु। यो गवाहीको अभिप्राय भनेको उपासना केवल अल्लाहकै लागि शुद्ध रूपमा गरियोस् र उहाँ बाहेक अरू सबैलाई नकारियोस्। यही 'ला इलाहा इल्लल्लाह' को अर्थ हो। विद्वानहरूले भनेका छन्: यसको अर्थ हो—अल्लाह

---

[1] सलाई इमाम बुखारीले (२८५६) नम्बर र इमाम मुस्लिमले (३०) नम्बरमा वर्णन गरेका छन्।

बाहेक कोही पनि साँचो उपास्य छैन। यस आधारमा, अल्लाह बाहेक जसको पनि उपासना गरिन्छ—चाहे मानिस होस्, फरिश्ता होस्, जिन्न होस् वा अन्य केही—ती सबै असत्य रूपमा उपास्य बनाइएका हुन्। साँचो उपास्य केवल अल्लाह मात्र हुनुहुन्छ, जसको कोही साझेदार छैन, जसरी उहाँले भन्नुभएको छ:

﴿ذَٰلِكَ بِأَنَّ ٱللَّهَ هُوَ ٱلۡحَقُّ وَأَنَّ مَا يَدۡعُونَ مِن دُونِهِۦ هُوَ ٱلۡبَٰطِلُ...﴾

"किनभने अल्लाह नै सत्य हुनुहुन्छ र उहाँ बाहेक जसलाई उनीहरूले पुकार्छन्, ती सबै असत्य हुन्...।" [अल्-हज: ६२]

अल्लाहले मानव र जिन्नलाई आफ्नो उपासनाको लागि सृष्टि गर्नुभएको कुरा पहिले नै उल्लेख भइसकेको छ। यसै एकेश्वरवादतर्फ आह्वान गर्नकै लागि अल्लाहले सन्देष्टा पठाउनुभएको र आकाशीय ग्रन्थहरू अवतरण गर्नुभएको कुरा पनि सर्वविदितै छ। त्यसैले यसको बारेमा राम्ररी सोच्नुहोस् र धेरै मनन् गर्नुहोस्। किनभने आजका अधिकांश मुस्लिमहरू यस आधारभूत सिद्धान्तबारे अनजान भएकाले अल्लाहसँग अरूलाई साझेदार ठहराउँदै उहाँको विशुद्ध अधिकार अन्यका निमित्त अर्पण गरिरहेका छन्। (अल्लाह नै एकमात्र सहायक हुनुहुन्छ)।

अल्लाहप्रतिको आस्था अन्तर्गत यस कुरामा दृढ विश्वास गर्नु पनि समावेश छ; उहाँ नै सम्पूर्ण संसारका सृष्टिकर्ता हुनुहुन्छ, उहाँ नै उनीहरूका सबै मामिलाहरूको व्यवस्थापक हुनुहुन्छ र आफ्नो ज्ञान तथा शक्तिद्वारा जसरी चाहनुहुन्छ त्यसरी नै निर्णय गर्नुहुन्छ। साथै उहाँ नै

संसार र परलोकका मालिक हुनुहुन्छ र सम्पूर्ण सृष्टिको पालनकर्ता हुनुहुन्छ। उहाँ बाहेक कोही सृष्टिकर्ता छैन, न त उहाँ बाहेक कोही पालनकर्ता छ। उहाँले मानवजातिको सुधार गर्न र तिनीहरूलाई यो संसार तथा परलोक दुवैमा मुक्ति र कल्याण प्राप्त हुने बाटोतर्फ निर्देशन गर्नको लागि सन्देशवाहकहरू (रसूलहरू) पठाउनुभयो र धर्मग्रन्थहरू अवतरण गर्नुभयो। यी सम्पूर्ण कार्यहरूमा उहाँको कोही साझेदार छैन। अल्लाहले भन्नुभएको छ:

﴿ٱللَّهُ خَٰلِقُ كُلِّ شَيۡءٖۖ وَهُوَ عَلَىٰ كُلِّ شَيۡءٖ وَكِيلٞ ۝٦٢﴾

"अल्लाह नै हरेक वस्तुको सृष्टिकर्ता हुनुहुन्छ र उहाँ नै हरेक वस्तुको संरक्षक हुनुहुन्छ।" [अज्जुमर: ६२]

अल्लाहले भन्नुभएको छ:

﴿إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَ فِي سِتَّةِ أَيَّامٖ ثُمَّ ٱسۡتَوَىٰ عَلَى ٱلۡعَرۡشِۖ يُغۡشِي ٱلَّيۡلَ ٱلنَّهَارَ يَطۡلُبُهُۥ حَثِيثٗا وَٱلشَّمۡسَ وَٱلۡقَمَرَ وَٱلنُّجُومَ مُسَخَّرَٰتِۭ بِأَمۡرِهِۦٓۗ أَلَا لَهُ ٱلۡخَلۡقُ وَٱلۡأَمۡرُۗ تَبَارَكَ ٱللَّهُ رَبُّ ٱلۡعَٰلَمِينَ ۝٥٤﴾

"निश्चय नै तिमीहरूको पालनकर्ता अल्लाह नै हुनुहुन्छ, जसले आकाशहरू र पृथ्वीलाई छ दिनमा सृष्टि गर्नुभयो, त्यसपछि उहाँ अर्श (सिंहासन) माथि उच्च हुनुभयो। उहाँले रातलाई दिनले ढाकिदिनुहुन्छ र ती दुवै द्रुतगतिले एकअर्कालाई पछ्याइरहन्छन्। सूर्य, चन्द्रमा र ताराहरू सबै उहाँकै आदेशको अधीनमा छन्। सावधान! सृष्टि पनि उहाँकै हो र आदेश पनि उहाँकै हो। सम्पूर्ण जगतका पालनकर्ता अल्लाह सर्वगुणसम्पन्न हुनुहुन्छ।" [अल्-आराफ: ५४]

अल्लाह तआलामाथिको आस्थाअन्तर्गत यो पनि पर्छ कि उहाँका सुन्दर नामहरू र उच्च (महान) गुणहरूमा आस्था राख्नु, जुन उहाँको पवित्र पुस्तकमा आएका छन् र उहाँका विश्वसनीय रसूलबाट प्रमाणित छन्; कुनै 'तहरीफ' (परिवर्तन), 'तातील' (गुणहरूको अस्वीकृति), 'तक्ईफ' (कैफियत निर्धारण) तथा 'तमसील' (सृष्टिसँग तुलना) नगरिकन।

﴿...لَيۡسَ كَمِثۡلِهِۦ شَيۡءٞۖ وَهُوَ ٱلسَّمِيعُ ٱلۡبَصِيرُ﴾

"...उहाँ जस्तो कोही छैन र उहाँ सर्वश्रोता र सर्वदृष्टि हुनुहुन्छ।" [अश्-शूरा: ११]

अतः यी (आयतहरू) जसरी आएका छन्, त्यसरी नै "कसरी?" भन्ने प्रश्न नगरी स्वीकार गर्नुपर्छ। साथै, तिनले देखाएका महान अर्थहरूमा विश्वास गर्नु अनिवार्य छ, किनकि ती अल्लाह (अज्ज व जल्ल) का गुणहरू हुन्। यसैगरी, उहाँलाई ती गुणहरूद्वारा उहाँको मर्यादाअनुसार वर्णन गर्नु अनिवार्य हुन्छ, यसरी कि उहाँका कुनै पनि गुणहरूमा उहाँ सृष्टिहरूसँग कुनै प्रकारको समानता नरहोस्, जस्तै अल्लाहले भन्नुभएको छ: अल्लाहले भन्नुभएको छ:

﴿فَلَا تَضۡرِبُواْ لِلَّهِ ٱلۡأَمۡثَالَۚ إِنَّ ٱللَّهَ يَعۡلَمُ وَأَنتُمۡ لَا تَعۡلَمُونَ٧٤﴾

"तसर्थ, अल्लाहका निम्ति उदाहरणहरू प्रस्तुत नगर। निश्चय नै, अल्लाह (सबै कुरा) जान्नुहुन्छ र तिमीहरू जान्दैनौ।" [अन्-नहल: ७४]

यो नै अहलुस-सुन्नत वल-जमाअत—रसूल (सल्लल्लाहु अलैहि

वसल्लम) का सहाबा र उनीहरूलाई उत्तम रूपमा अनुसरण गर्ने अनुयायीहरूका—अल्लाहका नामहरू र उहाँका गुणहरू सम्बन्धी आस्था हो। यही आस्थालाई इमाम अबुल हसन अल-अशरी (रहमतुल्लाह अलैह) ले आफ्नो पुस्तक "अल-मकालात" मा अहलुल-हदीस र अहलुस-सुन्नतबाट उल्लेख गरेका छन् र यसलाई अन्य धेरै विद्वान तथा ईमानवालाहरूले पनि उल्लेख गरेका छन्।

इमाम औजाइ (रहेमहुल्लाह) ले भनेका छन्: "इमाम जुहरी र मक्हूललाई 'आयात अस-सिफात' (अल्लाहका गुणहरू वर्णन गरिएका आयतहरू) का विषयमा सोधिएको थियो। उनीहरूले भने: 'तिनीहरूलाई जसरी आएका छन्, त्यसरी नै स्वीकार गर।"[1]

इमाम औजाइ (रहेमहुल्लाह) को अर्को भनाई छ: हामी र धेरै संख्यामा ताबई (सहाबाका अनुयायी) हरूले भन्ने गर्थ्यौं: "अल्लाह आफ्नो अर्श (सिंहासन) माथि उच्च हुनुहुन्छ र हामी सुन्नतमा उल्लेख गरिएका गुणहरूमा पूर्ण रुपमा विश्वास गर्छौं।"[2]

---

[1] सलाई अल्-लाल्काइले "शरह् उसूलिल्-इअ्तिकाद्" (७३५) मा र इब्न अब्दुल-बर्रले "जामिउल्-इल्मि व फद्लिही" (१८०१) मा उल्लेख गरेका छन्, तर यहाँ 'आयातुस्-सिफात' को सट्टा 'अल्-अहादीस्' शब्द आएको छ र यसको शब्द यस प्रकार छः "यी हदीसहरू जस्ता आएका छन्, त्यस्तै वर्णन गर र यसमा वादविवाद नगर।"

[2] यसलाई बैहकीले अल-अस्मा वस्-सिफात (८६५) मा वर्णन गरेका छन् र इब्ने तैमियाले अल-हमविय्या (पृ. २६९) मा यसको सनदलाई सही भनेका छन् अनि

वलिद बिन मुस्लिम (रहेमहुल्लाह) ले भनेका छन्: को भनाई छः इमाम मालिक, औजाई, लैथ बिन सअद र सुफ्यान थौरी (रहिमहुमुल्लाह) लाई अल्लाहका गुणहरूसम्बन्धी वर्णन गरिएका हदीसहरूको बारेमा सोधिएको थियो। उनीहरू सबैले भने: "यी कुराहरू जसरी आएका छन्, त्यसरी नै स्वीकार गर र यसको स्वरूप (कैफियत) को खोजी नगर।"[1]

रबीअ बिन अबी अब्दुर्रहमान—इमाम मालिक (रहिमहुमल्लाह) का गुरु—लाई 'इस्तिवा' (अल्लाहको आरशमाथि हुनु) बारे सोधिएको थियो। उनले भने: "इस्तिवा अज्ञात होइन (अर्थात् यसको अर्थ ज्ञात छ), तर यसको 'कैफियत' (स्वरूप) बुझ्न सकिंदैन। अल्लाहबाट सन्देश आएको हो, रसूलको कर्तव्य त्यसलाई स्पष्ट रूपमा पुऱ्याउनु हो र हाम्रो कर्तव्य त्यसमा विश्वास गर्नु हो।"[2] जब इमाम मालिक (रहिमहुल्लाह) लाई त्यसबारे सोधिएको थियो, उनले भने: "'इस्तिवा'को अर्थ ज्ञात छ, यसको स्वरूप (कैफियत) अज्ञात छ, यसमा विश्वास गर्नु अनिवार्य छ, र यसको बारेमा (अनावश्यक) सोधपुछ गर्नु बिदअत हो।' त्यसपछि उहाँले सोध्ने व्यक्तिलाई भन्नुभयो: 'म तिमीलाई एक खराब मानिस

---

दहबीले अल-अर्ध (२/२२३) मा भनेका छन्ः यसका वर्णनकर्ताहरू विश्वसनीय इमाम हुन्।

[1] सलाई अल्-लालाकाईले "शरह उसूल अल-इअतिकाद" (९३०) मा र बैहकीले "अल-अस्मा वस्-सिफात" (९५५) मा वर्णन गरेका छन्।

[2] सलाई लालाकाईले "शरह उसूल अल-इअतिकाद" (६६५) मा र बैहकीले "अल-अस्मा वस्-सिफात" (८६८) मा वर्णन गरेका छन्।

बाहेक अरू केही देख्दिनँ!' र उहाँको आदेशपछि उसलाई बाहिर निकालियो।"[1] यसै अर्थ उम्मुल मुमिनीन उम्म सलमा (रदियल्लाहु अन्हा) बाट पनि वर्णन गरिएको छ।[2]

इमाम अबू अब्दुर्रहमान इब्न मुबारक (रहिमहुल्लाह) भन्नुहुन्छ: "हामी हाम्रा प्रभुलाई चिन्छौं—उहाँको महिमा होस्—उहाँ आफ्नो आकाशभन्दा माथि आफ्नो अर्श (सिंहासन) माथि उच्च हुनुहुन्छ र उहाँ आफ्नो सृष्टिभन्दा अलग हुनुहुन्छ।"[3]

यस विषयमा इमामहरूका वचनहरू धेरै छन्, जसलाई यस संक्षिप्त उपदेशमा समेट्न सकिंदैन। यसबारे थप जानकारीका लागि अहलुस-सुन्नत वल-जमाअतका विद्वान्हरूका लेखहरू अध्ययन गर्न सकिन्छ; जस्तै: अब्दुल्लाह बिन इमाम अहमदको "अस-सुन्नह", इमाम मुहम्मद बिन खुजैमा (रहिमहुल्लाह) को "अत-तौहीद", अबुल-कासिम अल-लालकाई अत-तबरीको "अस-सुन्नह" र अबू बकर इब्न अबी आसिमको "अस-सुन्नह"। साथै, शैखुल-इस्लाम इब्ने तैमियहले

---

[1] अल्-लाल्काइले "शरह उसूलिल-इअ्तिकाद" (६६४) मा, अबू नुऐमले "हिल्यतुल-अवलिया" (३२५/६) मा, र बैहकीले "अल-अस्मा वस्-सिफात" (८६७) मा उल्लेख गरेका छन्।

[2] यसलाई अल्-मुज्कीले अल्-मुज्कियात (२९) मा, इब्ने बत्ताले अल्-इबाना (१२०) मा र अल्लालकाईले शरह उसूलिल्-इअतिकाद (६६३) मा वर्णन गरेका छन्।

[3] यसलाई दार्मीले अर्रद् अला अल-जहमिय्यह (६७) मा र बैहकीले अल-अस्मा वस्-सिफात (९०३) मा वर्णन गरेका छन्।

हमातका बासिन्दाहरूका लागि लेख्नुभएको महत्वपूर्ण जवाफ (अल-अकिदा अल-हमाविया) एक अत्यन्त उपयोगी स्रोत हो। यसमा उनले अहलुस-सुन्नत वल-जमाअतको आस्थालाई विद्वान्हरूका भनाइ, कुरआन, हदीस र तार्किक प्रमाणहरूका साथ व्याख्या गर्दै विरोधीहरूको तर्कको खण्डन समेत गरेका छन्।

त्यसै गरी उहाँको अर्को पुस्तक 'अत-तदम्मुरिय्या' हो। यसमा उहाँले अहलुस-सुन्नतको अकीदालाई कुरआन, हदीस र तार्किक प्रमाणहरूका साथ विस्तृत रूपमा स्पष्ट पार्नुभएको छ। साथै, उहाँले विरोधीहरूको खण्डन यस्तो सशक्त ढङ्गले गर्नुभएको छ, जसले सत्यको खोजीमा रहेका निष्पक्ष व्यक्तिहरूका सामु सत्यलाई स्पष्ट रूपमा उजागर गर्छ र असत्यलाई खण्डन गर्छ। संक्षेपमा भन्नुपर्दा, अल्लाहका नाम र गुणहरूको सन्दर्भमा अहलुस-सुन्नत वल-जमाअतको अकीदा भनेको उनीहरूले अल्लाहका लागि ती सबै नाम र गुणहरूलाई प्रमाणित गर्छन्, जुन अल्लाहले आफ्नो पुस्तकमा वा उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सुन्नतमा प्रमाणित गर्नुभएको छ। यो पुष्टि (इस्बात) कुनै पनि प्रकारको सादृश्य (तम्सील) बिना हुन्छ। उनीहरूले अल्लाहलाई उहाँका सृष्टिहरूसँगको समानता र तुलनाबाट पूर्ण रूपमा पवित्र मान्छन् र यो पवित्रताको आस्था (तन्जीह) कुनै पनि प्रकारको अर्थहीनता वा अस्वीकार (तअतील) बाट मुक्त हुन्छ। यसरी उनीहरू यस विषयमा कुनै विरोधाभासमा नपरी सुरक्षित रहन्छन्। उनीहरूले सबै प्रमाणहरू अनुसार कार्य गरे; यो अल्लाहको तर्फबाट प्रदान गरिएको तौफीक (सफलता) हो। किनकि अल्लाहको नियम हो, जसले उहाँका रसूलहरूद्वारा

पठाइएको सत्यलाई दृढतापूर्वक समात्छ, त्यसमा आफ्नो सम्पूर्ण प्रयास लगाउँछ र अल्लाहकै लागि निष्कपट रूपमा त्यसको खोजी गर्छ, उहाँले उसलाई सत्यको मार्गदर्शन गर्नुहुन्छ र त्यसका प्रमाणहरूलाई स्पष्ट पारिदिनुहुन्छ। अल्लाहले भन्नुभएको छ:

﴿بَلْ نَقْذِفُ بِٱلْحَقِّ عَلَى ٱلْبَٰطِلِ فَيَدْمَغُهُۥ فَإِذَا هُوَ زَاهِقٌ...﴾

"बरु हामी सत्यद्वारा असत्यमाथि प्रहार गर्छौं, अनि त्यसले त्यसलाई चकनाचूर पार्छ, र त्यसपछि त्यो तुरुन्तै नष्ट हुन्छ..।"

[अल्-अम्बिया: १८]

अल्लाहले भन्नुभएको छ:

﴿وَلَا يَأْتُونَكَ بِمَثَلٍ إِلَّا جِئْنَٰكَ بِٱلْحَقِّ وَأَحْسَنَ تَفْسِيرًا﴿٣٣﴾﴾

"तिनीहरूले तिम्रो अगाडि कुनै उदाहरण ल्याउँदैनन्, तर हामीले तिमीलाई सत्य र त्यसको सबैभन्दा उत्तम व्याख्या ल्याइदिन्छौं।"

[अल्-फुर्कान: ३३]

अनि अल्लाहका नाम र गुणहरूका विषयमा जसले अहलुस-सुन्नतको आस्था-सिद्धान्त (अकीदा) को विरोध गर्छ, ऊ स्वाभाविक रूपमा कुरआन र हदीसका प्रामाणिक प्रमाणहरू तथा बौद्धिक तर्कहरू दुवैको विपरीत जान्छ। फलस्वरूप, उसले गर्ने प्रत्येक पुष्टि वा अस्वीकारमा स्पष्ट विरोधाभास देखापर्छ। हाफिज इब्न कसीर (रहिमहुल्लाह) ले आफ्नो प्रसिद्ध तफ्सिरमा यस विषयमा सुन्दर कुरा उल्लेख गरेका छन्, जुन अल्लाहको यस भनाइको व्याख्या गर्ने क्रममा

आएको छ:

﴿إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ...﴾

"निस्सन्देह तिम्रो पालनकर्ता अल्लाह हुनुहुन्छ, जसले आकाशहरू र पृथ्वीलाई छ दिनमा सृष्टि गर्नुभयो र त्यसपछि उहाँ अर्श (सिंहासन) माथि उच्च हुनुभयो....।" [अल्-आराफ: ५४]

"यसलाई यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ, किनकि यसमा ठूलो फाइदा छ। उनले भने:

"यस विषयमा मानिसहरूका धेरै प्रकारका मतहरू छन्, जसलाई यहाँ विस्तृत रूपमा उल्लेख गर्ने स्थान होइन। हामी यस विषयमा सलफ-ए-सालेह (धार्मि पूर्वजहरू)—मालिक, औजाई, सुफ्यान थौरी, लैथ बिन सअद, शाफिई, अहमद बिन हनबल, इसहाक बिन राहवैह र अन्य प्राचीन तथा समकालीन मुस्लिम इमामहरूको मार्ग अपनाउँछौं। त्यो मार्ग हो: यी (आयतहरू) जसरी आएका छन् त्यसरी नै स्वीकार गर्नु, बिना 'कैफियत' (स्वरूप निर्धारण), बिना 'तश्बीह' (समानता) र बिना 'तअतील' (अस्वीकार)। अनि जो अर्थ उपमा दिनेहरूको मनमा तुरुन्त आउँछ, त्यो अल्लाहबाट नकारिएको छ, किनकि अल्लाह आफ्नो कुनै पनि सृष्टिजस्तो हुनुहुन्न...।"

﴿...لَيْسَ كَمِثْلِهِۦ شَىْءٌ ۖ وَهُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ﴾

"...अल्लाहजस्तो अरू कोही छैन र उहाँ सर्वश्रोता एवं सर्वद्रष्टा

हुनुहुन्छ।" [अश्-शूरा: ११] बरु कुरा त्यही हो, जुन इमामहरूले स्पष्ट पारेका छन्। इमाम बुखारीका गुरु नुऐम बिन हम्माद अल-खुजाई (रहिमहुल्लाह) ले भने: "जसले अल्लाहलाई उहाँका सृष्टिसँग तुलना गर्छ, उसले कुफ्र गरेको छ; र जसले अल्लाहले आफूलाई वर्णन गर्नुभएको कुरालाई अस्वीकार गर्छ, उसले कुफ्र गरेको छ।"[1] अल्लाहले आफ्नो बारेमा वा उहाँका रसूलले अल्लाहको बारेमा वर्णन गर्नुभएका गुणहरूको सृष्टिसँग कुनै तुलना छैन। अल्लाहले आफ्नो लागि जुन नाम र विशेषताहरू कुरआनमा र उहाँको रसूलले हदीसमा प्रमाणित गर्नुभएका छन्, त्यसलाई उहाँको महिमालाई सुहाउँदो तरिकाले मान्ने र हरेक कमीकमजोरीबाट अल्लाहलाई पवित्र ठान्नु नै सही मार्गदर्शन हो।" (इब्न कसीर रहेमहुल्लाहको भनाइ समाप्त भयो।)[2]

अल्लाह प्रतिको आस्थामा यो कुरा पनि पर्दछ, ईमान (आस्था) भनेको वचन र कर्म दुवै हो; यो आज्ञापालनले बढ्छ र अवज्ञाले घट्छ। साथै, शिर्क र कुफ्रभन्दा तलका पापहरू—जस्तै व्यभिचार, चोरी, सूद खानु, मादक पदार्थ सेवन गर्नु, आमाबुबाको अवज्ञा गर्नु आदि—का कारण कुनै पनि मुस्लिमलाई काफिर ठहर गर्नु जायज छैन, जबसम्म उसले त्यसलाई वैध ठान्दैन। किनकि अल्लाहले भन्नुभएको छः

﴿إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُ...﴾

---

[1] यसलाई अद्-दहबीले "अल-उलू" (४६४) मा उल्लेख गर्नुभएको छ, र अल्बानीले "मुख्तसर अल-उलू" (पृष्ठ १८४) मा भन्नुभएको छ: "यसकोवर्णन-शृङ्खला सही छ, र यसका वर्णनकर्ताहरू विश्वसनीय तथा सुप्रसिद्ध छन्।"

[2] (तफ्सीर इब्ने कसीर: ३/४२६, ४२७)

"निस्सन्देह, अल्लाहले आफूसँग कसैलाई साझेदार (शिर्क) ठहऱ्याइएको कुरालाई क्षमा गर्नुहुन्न, तर त्यस बाहेकका अन्य पापहरू जसलाई इच्छा गर्नुहुन्छ क्षमा गरिदिनुहुन्छ...।" [अन्निसाः ४८] किनकि यो कुरा अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट आएका मुतावातिर (धेरै विश्वसनीय र व्यापक रूपमा वर्णित) हदीसहरूद्वारा प्रमाणित छ; तिनैमध्ये उहाँको एउटा भनाइ यो हो:

«إِنَّ اللهَ يُخْرِجُ مِنَ النَّارِ مَنْ كَانَ فِي قَلْبِهِ مِثْقَالُ حَبَّةٍ مِنْ خَرْدَلٍ مِنْ إِيْمَانٍ».

"निस्सन्देह, अल्लाहले आगो (जहन्नम) बाट त्यस व्यक्तिलाई निकाल्नुहुनेछ, जसको हृदयमा राईको दानाजति बराबर पनि ईमान हुनेछ।"[1]

## दोस्रो आधार: फरिश्ताहरूप्रति आस्था राख्नु,

यस अन्तर्गत दुईवटा कुराहरू पर्दछन्: पहिलो कुरा: फरिश्ताहरूमाथि संक्षिप्त रूपमा ईमान (आस्था) राख्नु; अर्थात् अल्लाहका फरिश्ताहरू छन् भन्ने कुरामा विश्वास गर्नु, जसलाई उहाँले आफ्नो उपासनाका लागि सृष्टि गर्नुभएको हो अल्लाहले उनीहरूको विशेषता यसरी वर्णन गर्नुभएको छ:

﴿وَقَالُواْ ٱتَّخَذَ ٱلرَّحۡمَٰنُ وَلَدٗاۗ سُبۡحَٰنَهُۥۚ بَلۡ عِبَادٞ مُّكۡرَمُونَ ٢٦ لَا يَسۡبِقُونَهُۥ بِٱلۡقَوۡلِ وَهُم بِأَمۡرِهِۦ يَعۡمَلُونَ ٢٧ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا خَلۡفَهُمۡ وَلَا يَشۡفَعُونَ إِلَّا لِمَنِ

[1] यसलाई इमाम बुखारीले (२२) मा अबू सईद खुदरी (रजिअल्लाहु अन्हु) बाट वर्णन गरेका छन्।

ٱرۡتَضَىٰ وَهُم مِّنۡ خَشۡيَتِهِۦ مُشۡفِقُونَ﴿٢٨﴾

"तिनीहरूले भने: 'रहमान (अल्लाह) ले सन्तान ग्रहण गर्नुभएको छ।' उहाँ पवित्र हुनुहुन्छ! बरु तिनीहरू त सम्मानित दासहरू हुन्।

तिनीहरू उहाँभन्दा अगाडि बढेर बोल्दैनन् र उहाँकै आदेशको पालना गर्दछन्।

उहाँले तिनीहरूको अगाडि र पछाडि जे छ, सबै जान्नुहुन्छ। तिनीहरूले केवल त्यसैका लागि सिफारिस (शफाअत) गर्छन्, जसलाई उहाँले मन पराउनुभएको हुन्छ र तिनीहरू उहाँको भयले भयभीत रहन्छन्।" [अल्-अम्बिया: २६-२८]

फरिश्ताहरू धेरै प्रकारका छन् : जसमध्ये केही अर्श (सिंहासन) बोक्ने जिम्मा पाएका छन्, केही स्वर्ग र नर्कका पहरेदार (खजिनदार) छन् र केही दासहरूको कर्महरूको संरक्षण/लेखन गर्ने जिम्मा पाएका छन्। दोस्रो कुरा: फरिश्ताहरू (मलाइकाहरू) मा विस्तृत रूपमा ईमान राख्नु हो; अर्थात् हामी ती फरिश्ताहरूमा ईमान राख्छौं, जसलाई अल्लाह र उहाँका रसूलले नाम लिएर उल्लेख गर्नुभएको छ; जस्तै: जिब्राइल, जसलाई वह्य (ईश्वरीय सन्देश) को जिम्मेवारी दिइएको छ, मीकाईल—जसलाई वर्षाको जिम्मेवारी दिइएको छ, मालिक—जसलाई नर्कको संरक्षणको जिम्मेवारी दिइएको छ र इस्राफील—जसलाई सूर (नरसिङ्गा) फुक्ने जिम्मेवारी दिइएको छ। त्यसरी उनीहरूको उल्लेख सहीह (प्रमाणित) हदीसहरूमा आएको छ; तीमध्ये आयशा (रजियल्लाहु अन्हा) बाट प्रमाणित सही हदीसमा छ, नबी (सल्लल्लाहु

अलैहि वसल्लम) ले भन्नुभएको छ:

«خُلِقَتِ الـمَلَائِكَةُ مِن نُورٍ، وَخُلِقَ الجَانُّ مِنْ مَارِجٍ مِنْ نَارٍ، وَخُلِقَ آدَمُ مِمَّا وُصِفَ لَكُم».

"फरिश्ताहरूलाई नूर (प्रकाश) बाट सृष्टि गरिएको हो, जिन्नलाई आगोको ज्वालाबाट सृष्टि गरिएको हो र आदमलाई त्यसबाट सृष्टि गरिएको हो जुन तिमीहरूलाई वर्णन गरिएको छ। (अर्थात् माटो)।"[1] (मुस्लिम)

## तेस्रो आधार: किताबहरूप्रति आस्था राख्नु र यसमा पनि दुई कुरा समावेश छन्:

पहिलो कुरा: ईश्वरीय ग्रन्थहरूमा समग्र रूपमा ईमान राख्नु हो; अर्थात् अल्लाहले मानवजातिको मार्गदर्शन र सत्यतर्फ आह्वान गर्न आफ्ना नबी तथा रसूलहरूमाथि ग्रन्थहरू अवतरण गर्नुभयो भन्ने कुरामा विश्वास गर्नु। अल्लाहले भन्नुभएको छः

﴿لَقَدۡ أَرۡسَلۡنَا رُسُلَنَا بِٱلۡبَيِّنَٰتِ وَأَنزَلۡنَا مَعَهُمُ ٱلۡكِتَٰبَ وَٱلۡمِيزَانَ لِيَقُومَ ٱلنَّاسُ بِٱلۡقِسۡطِ...﴾

"निश्चय नै हामीले आफ्ना रसूलहरूलाई स्पष्ट प्रमाणहरूका साथ पठायौं र उनीहरूसँगै किताब र तराजु (न्यायको मापदण्ड) अवतरण गर्यौं, ताकि मानिसहरू न्यायमा दृढ रहून्...।" [अल् हदीदः २५]

[1] यसलाई मुस्लिमले हदीस नं. (२९९६) मा आइशा (रजियल्लाहु अन्हा) बाट वर्णन गरेका छन्।

अल्लाहले भन्नुभएको छ:

﴿كَانَ ٱلنَّاسُ أُمَّةً وَٰحِدَةً فَبَعَثَ ٱللَّهُ ٱلنَّبِيِّـۧنَ مُبَشِّرِينَ وَمُنذِرِينَ وَأَنزَلَ مَعَهُمُ ٱلۡكِتَٰبَ بِٱلۡحَقِّ لِيَحۡكُمَ بَيۡنَ ٱلنَّاسِ فِيمَا ٱخۡتَلَفُواْ فِيهِ...﴾

"मानिसहरू एकै समुदाय (उम्मत) थिए, त्यसपछि अल्लाहले नबीहरूलाई शुभ समाचार दिने र सचेत गराउनेको रूपमा पठाउनुभयो, र उनीहरूसँगै सत्यसहित किताब अवतरण गर्नुभयो, ताकि उनीहरूबीच जुन विषयमा उनीहरू मतभेद गर्थे, त्यसमा न्याय गरियोस्...।"

[अल् बकरह: २१३]

दोस्रो कुरा: ईश्वरीय ग्रन्थहरूमाथि विस्तृत रूपमा ईमान राख्नु; अर्थात् हामी ती किताबहरूमा ईमान राख्छौं जसलाई अल्लाहले नाम लिएर उल्लेख गर्नुभएको छ, जस्तै: तौरात, इन्जील, जबूर र कुरआन। हामी यो आस्था राख्छौं कि कुरआन ती सबैभन्दा उत्तम, अन्तिम र तीमाथि संरक्षक तथा पुष्टिकर्ता हो। सम्पूर्ण राष्ट्रले यसको र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित सुन्नतको अनुसरण र पालना गर्नुपर्छ। किनकि अल्लाह सुब्हानहु व तआलाले आफ्ना रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई सम्पूर्ण मानव र जिन्नका लागि रसूल बनाएर पठाउनुभएको छ, र उहाँमाथि यो कुरआन अवतरण गर्नुभएको छ ताकि यसद्वारा उनीहरूबीच निर्णय गरियोस्। यसलाई हृदयहरूको रोगका लागि शिफा, सबै कुराको स्पष्ट व्याख्या, र ईमानवालाहरूका लागि मार्गदर्शन र दया बनाइएको छ, जस्तै अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَهَٰذَا كِتَٰبٌ أَنزَلۡنَٰهُ مُبَارَكٞ فَٱتَّبِعُوهُ وَٱتَّقُواْ لَعَلَّكُمۡ تُرۡحَمُونَ ١٥٥﴾

"यो एउटा धन्य (बरकतपूर्ण) किताब हो, जुन हामीले अवतरण गरेका छौं। त्यसैले यसको अनुसरण गर र अल्लाहसँग डर मान, ताकि तिमीहरूमाथि दया गरियोस्।" [अन्आम: १५५] अल्लाहले भन्नुभएको छ:

﴿...وَنَزَّلۡنَا عَلَيۡكَ ٱلۡكِتَٰبَ تِبۡيَٰنٗا لِّكُلِّ شَيۡءٖ وَهُدٗى وَرَحۡمَةٗ وَبُشۡرَىٰ لِلۡمُسۡلِمِينَ﴾

"...हामीले तिमीमाथि किताब अवतरण गरेका छौं, जुन हरेक कुराको स्पष्ट व्याख्या, मार्गदर्शन र दया हो तथा मुस्लिमहरूका लागि शुभ समाचार हो।" [अन्नहल: ८९] अल्लाहले भन्नुभएको छ:

﴿قُلۡ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّي رَسُولُ ٱللَّهِ إِلَيۡكُمۡ جَمِيعًا ٱلَّذِي لَهُۥ مُلۡكُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۖ لَآ إِلَٰهَ إِلَّا هُوَ يُحۡيِۦ وَيُمِيتُۖ فَـَٔامِنُواْ بِٱللَّهِ وَرَسُولِهِ ٱلنَّبِيِّ ٱلۡأُمِّيِّ ٱلَّذِي يُؤۡمِنُ بِٱللَّهِ وَكَلِمَٰتِهِۦ وَٱتَّبِعُوهُ لَعَلَّكُمۡ تَهۡتَدُونَ ١٥٨﴾

"भनिदेऊ: हे मानिसहरू! म तिमीहरू सबैतर्फ पठाइएको अल्लाहको रसूल हुँ, जसको स्वामित्व आकाशहरू र पृथ्वीमा छ। उहाँ बाहेक कोही सत्य उपास्य छैन। उहाँले जीवन प्रदान गर्नुहुन्छ र मृत्यु दिनुहुन्छ। त्यसैले अल्लाह र उहाँका रसूल—नबी उम्मी (अक्षरहीन नबी)—मा ईमान राख, जो स्वयं अल्लाह र उहाँका वाणीहरूमा ईमान राख्छ— र उहाँको अनुसरण गर, ताकि तिमीहरू मार्गदर्शन प्राप्त गर।" [अल् अअराफ: १५८] यस अर्थका आयतहरू धेरै छन्।

## चौथो आधार: रसूलहरूमा ईमान राख्नु,

यस अन्तर्गत पनि दुईवटा कुराहरू पर्दछन्: पहिलो कुरा: रसूलहरूमा समग्र रूपमा ईमान राख्नु हो; अर्थात् अल्लाहले प्रत्येक समुदायको मार्गदर्शनका लागि उनीहरूमध्येबाटै शुभसूचना सुनाउने, चेतावनी दिने र सत्यको मार्गमा आह्वान गर्ने रसूलहरू पठाउनुभयो। जसले ती रसूलहरूप्रति पूर्ण निष्ठाका साथ आस्था राख्यो, ऊ यस संसार र परलोक दुवैमा सफल भयो। यसको विपरित, जसले उनीहरूको अवज्ञा र विरोध गर्‍यो, उसले असफलता र पछुतो भोग्नुपर्‍यो। ती समस्त सन्देशवाहकहरूमध्ये सर्वश्रेष्ठ, अन्तिम र समापन गर्ने सन्देशवाहक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) हुनुहुन्छ। अल्लाहले भन्नुभएको छ:

﴿وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَ...﴾

“निश्चय नै हामीले प्रत्येक समुदायमा एक रसूल पठायौं, ताकि उनीहरूले अल्लाहको उपासना गरून् र तागूतबाट टाढा रहून्...।” [अन्-नहल: ३६] अल्लाहले भन्नुभएको छ:

﴿رُّسُلٗا مُّبَشِّرِينَ وَمُنذِرِينَ لِئَلَّا يَكُونَ لِلنَّاسِ عَلَى ٱللَّهِ حُجَّةُۢ بَعۡدَ ٱلرُّسُلِ...﴾

“रसूलहरूलाई शुभ समाचार दिने र चेतावनी दिने बनाइयो, ताकि रसूलहरू (पठाइए) पछि मानिसहरूसँग अल्लाहको विरुद्ध कुनै तर्क बाँकी नहोस्...।" [अन्निसाः १६५] अल्लाहले भन्नुभएको छ:

﴿مَّا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٖ مِّن رِّجَالِكُمۡ وَلَٰكِن رَّسُولَ ٱللَّهِ وَخَاتَمَ ٱلنَّبِيِّـۧنَ...﴾

"मुहम्मद तिमीहरूमध्ये कुनै पुरुषका पिता होइनन्, तर उहाँ अल्लाहका रसूल र सम्पूर्ण नबीहरूको समापक हुनुहुन्छ..।"

[अल् अहजाबः ४०]

दोस्रो कुरा: रसूलहरूमाथि विस्तृत रूपमा आस्था राख्नु हो; यसको अर्थ हो—जस-जसको नाम अल्लाहले पवित्र कुरआनमा उल्लेख गर्नुभएको छ वा जसको नाम रसूल (सल्लल्लाहु अलैहि वसल्लम) द्वारा प्रमाणित छ, उहाँहरूमाथि स्पष्ट र विशेष रूपमा (नामै तोकेर) विश्वास राख्नु। जस्तै: नूह, हूद, सालेह र इब्राहीम आदि। अल्लाहको कृपा र शान्ति उहाँहरू सबैमाथि, उहाँहरूका परिवार र अनुयायीहरूमाथि निरन्तर रहिरहोस्।

## पाँचौं आधार:

## अन्तिम दिन (प्रलयको दिन) प्रति आस्था राख्नु

र यस अन्तर्गत निम्न कुराहरू पर्दछन्:

अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मृत्युपछिको जीवनबारे दिनुभएको सम्पूर्ण जानकारीमाथि ईमान राख्नु अनिवार्य छ। यसमा चिहानको परीक्षा (फित्ना), त्यहाँ हुने सुख र सजाय, तथा कियामतको दिनका भयानक दृश्यहरू र कठिनाइहरू समावेश छन्। साथै सिरात (पुल), मिजान (तराजु), हिसाब–किताब, प्रतिफल र कर्मपत्र (सहुफ) को वितरण हुने कुरामा पनि ईमान राख्नुपर्छ, जसमा कसैले आफ्नो कर्मपत्र दाहिने हातमा, कसैले देब्रे हातमा र कसैले पिठ्यूँ पछाडिबाट प्राप्त गर्नेछन्।

त्यसैगरी हाम्रा रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई प्रदान गरिने हौज-ए-कौसर, स्वर्ग र नर्क, मुमिन (आस्थावान) हरूले आफ्नो पालनकर्ताको दर्शन गर्ने सौभाग्य, अल्लाहले उनीहरूसँग प्रत्यक्ष संवाद गर्नुहुने तथ्य, तथा पवित्र कुरआन र प्रमाणित हदीसहरूमा उल्लेख गरिएका यस्ता सम्पूर्ण विषयहरूमा विश्वास राख्नु अनिवार्य छ। यी सबै कुराहरूमा दृढ ईमान राख्नु र अल्लाह तथा उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जसरी स्पष्ट पार्नुभएको छ, त्यसैअनुसार तिनलाई सत्य स्वीकार गर्नु प्रत्येक भक्तको कर्तव्य हो।

## छैटौं आधार: भाग्य (तक्दिर) मा विश्वास

भाग्य प्रति आस्था अन्तर्गत चार कुराहरू पर्दछन्:

पहिलो कुरा: अल्लाह सुब्हानहु व तआलाले जे भइसकेको छ र जे हुनेवाला छ, सबै जान्नुहुन्छ भन्नेमा ईमान राख्नु हो। उहाँले आफ्ना भक्तहरूको अवस्थाहरू, उनीहरूको जीविका, आयु, कर्म तथा उनीहरूसम्बन्धी अन्य सबै विषयहरू जान्नुहुन्छ। उहाँबाट कुनै पनि कुरा लुकेको छैन। अल्लाहले भन्नुभएको छः

﴿...وَٱعۡلَمُوٓاْ أَنَّ ٱللَّهَ بِكُلِّ شَيۡءٍ عَلِيمٞ﴾

"...र जानिराख, निश्चय नै अल्लाह प्रत्येक कुराको पूर्ण ज्ञानी हुनुहुन्छ।" [अल्-बकरह: २३१] अल्लाहले भन्नुभएको छ:

﴿...لِتَعۡلَمُوٓاْ أَنَّ ٱللَّهَ عَلَىٰ كُلِّ شَيۡءٖ قَدِيرٞ وَأَنَّ ٱللَّهَ قَدۡ أَحَاطَ بِكُلِّ شَيۡءٍ عِلۡمَۢا﴾

"...ताकि तिमीहरूले जान, अल्लाह सबै कुरामा सामर्थ्यवान्

हुनुहुन्छ र अल्लाहले सबै कुरालाई ज्ञानले घेरेका छन्। [अत्तलाकः १२]

दोस्रो कुरा: अल्लाहले निर्धारण (कदर) र फैसला (कदा) गर्नुभएको सबै कुरा उहाँले लेखिसक्नुभएको छ भन्नेमा ईमान राख्नु हो; जस्तै अल्लाहले भन्नुभएको छ:

﴿قَدۡ عَلِمۡنَا مَا تَنقُصُ ٱلۡأَرۡضُ مِنۡهُمۡۖ وَعِندَنَا كِتَٰبٌ حَفِيظُۢ ٤﴾

"निश्चय नै हामीलाई थाहा छ, पृथ्वीले उनीहरूबाट के घटाउँछ र हामीसँग प्रत्येक कुरा सुरक्षित राख्ने किताब छ।" [काफ: ४] अल्लाहले भन्नुभएको छ:

﴿...وَكُلَّ شَيۡءٍ أَحۡصَيۡنَٰهُ فِيٓ إِمَامٖ مُّبِينٖ﴾

"... हामीले हरेक कुरालाई एक स्पष्ट किताब (लौह-ए-महफूज) मा लेखेर राखेका छौं।" [यासीन: १२] अल्लाहले भन्नुभएको छः

﴿أَلَمۡ تَعۡلَمۡ أَنَّ ٱللَّهَ يَعۡلَمُ مَا فِي ٱلسَّمَآءِ وَٱلۡأَرۡضِۚ إِنَّ ذَٰلِكَ فِي كِتَٰبٍۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ ٧٠﴾

"के तिमीलाई थाहा छैन कि निश्चय नै अल्लाह आकाश र पृथ्वीमा जे छ सबै जान्नुहुन्छ? निश्चय नै यो एक किताबमा (लेखिएको) छ। निश्चय नै यो अल्लाहका लागि अत्यन्त सजिलो छ।" [अल् हज्जः ७०]

तेस्रो कुरा: अल्लाह तआलाको पूर्ण रूपमा कार्यान्वयन हुने इच्छामा (मशीयत) ईमान राख्नु हो; अर्थात् उहाँले जे चाहनुहुन्छ त्यो हुन्छ र उहाँले जे चाहनुहुन्न त्यो हुँदैन। जस्तै अल्लाह सुब्हानहु व तआलाले भन्नुभएको छ:

﴿...إِنَّ ٱللَّهَ يَفۡعَلُ مَا يَشَآءُ﴾

"...निस्सन्देह, अल्लाहले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ।" [अल् हज्जः १८] अल्लाहले भन्नुभएको छ:

﴿إِنَّمَآ أَمۡرُهُۥٓ إِذَآ أَرَادَ شَيۡـًٔا أَن يَقُولَ لَهُۥ كُن فَيَكُونُ ۝٨٢﴾

“निश्चय नै उहाँको आदेश, जब उहाँले कुनै चीजको इच्छा गर्नुहुन्छ, उहाँले केवल 'कुन्' (भइहाल) भन्नुहुन्छ र त्यो भइहाल्छ।" [यासीन: ८२] अल्लाहले भन्नुभएको छ:

﴿وَمَا تَشَآءُونَ إِلَّآ أَن يَشَآءَ ٱللَّهُ رَبُّ ٱلۡعَٰلَمِينَ ۝٢٩﴾

“तिमीहरूले चाहन सक्ने छैनौ, जबसम्म सम्पूर्ण संसारका पालनकर्ता अल्लाहले चाहनुहुन्न।” [अत्तकवीरः २९]

चौथो कुरा: अल्लाह तआलाले सबै वस्तुहरूको सृष्टि गर्नुभएको छ भन्नेमा ईमान राख्नु हो; उहाँ बाहेक कोही सृष्टिकर्ता छैन र उहाँ बाहेक अरू कोही पालनकर्ता छैन; अल्लाहले भन्नुभएको छ:

﴿ٱللَّهُ خَٰلِقُ كُلِّ شَيۡءٖۖ وَهُوَ عَلَىٰ كُلِّ شَيۡءٖ وَكِيلٞ ۝٦٢﴾

"अल्लाह नै हरेक वस्तुको सृष्टिकर्ता हुनुहुन्छ र उहाँ नै हरेक वस्तुको संरक्षक हुनुहुन्छ।" [अज्जुमर: ६२] अल्लाहले भन्नुभएको छ:

﴿يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱذۡكُرُواْ نِعۡمَتَ ٱللَّهِ عَلَيۡكُمۡۚ هَلۡ مِنۡ خَٰلِقٍ غَيۡرُ ٱللَّهِ يَرۡزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلۡأَرۡضِۚ لَآ إِلَٰهَ إِلَّا هُوَۖ فَأَنَّىٰ تُؤۡفَكُونَ ۝٣﴾

"हे मानवजाति! अल्लाहले तिमीहरूमाथि गर्नुभएको अनुग्रह र

कृपालाई याद गर। के अल्लाह बाहेक अरू कुनै सृष्टिकर्ता छ, जसले तिमीहरूलाई आकाश र धर्तीबाट जीविका प्रदान गर्दछ? उहाँ बाहेक कोही पनि पूज्य छैन। तब तिमीहरू कहाँ भौँतारिइरहेका छौ?"

[फातिरः ३]

अतः कदर (पूर्वनिर्धारण) मा ईमान राख्नुले यी चारै कुराहरू समावेश हुन्छन्, जुन 'अह्लुस्सुन्नह वल जमाअत'को स्थापित आस्था हो। यसको विपरीत, केही बिदअतवादीहरूले यीमध्ये केही कुरालाई अस्वीकार गरेका छन्।

सही अकीदाका महत्त्वपूर्ण कुराहरूमध्ये, जसलाई अहलुस-सुन्नत वल-जमाअतले विश्वास गर्छन्, ती हुन्: अल्लाहका लागि प्रेम गर्नु र अल्लाहका लागि घृणा गर्नु, अल्लाहका लागि मित्रता (वफादारी) गर्नु र अल्लाहका लागि शत्रुता गर्नु। यही हो "वला र बरा" (वफादारी र सम्बन्ध-विच्छेद) को अकीदा र यो अल्लाहप्रति आस्थाको एक अभिन्न अङ्ग हो।

अतः मुमिनले मुमिनहरूलाई प्रेम गर्छ र उनीहरूसँग मित्रता (वफादारी) राख्छ, र काफिरहरूसँग घृणा गर्छ र उनीहरूसँग शत्रुता राख्छ। यस उम्मतका मुमिनहरूमध्ये सबैभन्दा उत्कृष्ट व्यक्ति; रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का सहाबाहरू हुन् र यो नै अहलुस-सुन्नत वल-जमाअतको आस्माथा हो। उनीहरूले सहाबाहरूप्रति प्रेम र वफादारी राख्छन् र उनीहरूलाई नबीहरू पछिका सबैभन्दा उत्तम मानिसहरू मान्छन्। जस्तै नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले

भन्नुभएको छ:

«خَيْرُ الْقُرُونِ قَرْنِي ثُمَّ الَّذِينَ يَلُونَهُمْ ثُمَّ الَّذِينَ يَلُونَهُم».

"पुस्ताहरूमध्ये सबैभन्दा उत्कृष्ट मेरो पुस्ता हो, त्यसपछि उनीहरू पछिका पुस्ता, र त्यसपछि उनीहरू पछिका पुस्ता हुन्।"[1] (बुखारी र मुस्लिम)

उनीहरू विश्वास गर्छन्; सहाबाहरूमध्ये सबैभन्दा श्रेष्ठ अबू बकर अस-सिद्दीक, त्यसपछि उमर अल-फारूक, त्यसपछि उस्मान जुल-नूरैन र त्यसपछि अली अल-मुर्तदा (रदियल्लाहु अन्हुम) हुन्। त्यसपछि बाँकी दस जना शुभसूचना प्राप्त सहाबाहरू (अशरह मुबश्शरह) र त्यसपछि अन्य सबै सहाबाहरू (रदियल्लाहु अन्हुम) आउँछन्। उनीहरू सहाबाहरूबीच भएका परस्पर मतभेद र विवादका विषयमा मौन रहन्छन् र ती मामिलामा सहाबाहरू 'मुज्तहिद' (सत्यको खोजीमा प्रयासरत) थिए भनेर विश्वास गर्छन्; जो सही थियो, उसलाई दुई इनाम र जो गलत थियो उसलाई एक इनाम प्राप्त हुनेछ।

तिनीहरूले अहलुल-बैत (रसूल सल्लल्लाहु अलैहि वसल्लमका परिवारका ईमान भएका सदस्यहरू) लाई माया गर्छन् र उनीहरूप्रति वफादार रहन्छन्। त्यसैगरी, तिनीहरूले रसूल सल्लल्लाहु अलैहि वसल्लमका पत्नीहरू—जो मुमिनहरूको आमाहरू हुन्—प्रति पनि वफादार रहन्छन् र उनीहरू सबैप्रति सन्तुष्टि व्यक्त गर्छन्। तिनीहरू

---

[1] यसलाई इमाम बुखारीले (३६५१) मा र इमाम मुस्लिमले (२५३३) मा अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) बाट उद्धृत गरेका छन्।

रावाफिजहरूको तरिकाबाट पनि असम्बद्ध (बराअत) हुन्छन्, जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का सहाबाहरूलाई घृणा गर्छन्, उनीहरूलाई गाली गर्छन्, र अहलुल-बैतको प्रेममा अति गर्छन् तथा अल्लाहले निर्धारण गरेको दर्जाभन्दा माथि उठाउँछन्। त्यसैगरी, तिनीहरू नासिबीहरूको तरिकाबाट पनि असम्बद्ध हुन्छन्, जसले अहलुल-बैतलाई वचन वा कर्मद्वारा पीडा पुऱ्याउँछन्।

हामीले उल्लेख गरेका सबै कुराहरू त्यही सही अकिदाभित्र पर्छन्, जसका साथ अल्लाहले आफ्ना रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभयो। यही त्यो अकिदा हो, जसमा विश्वास गर्नु, त्यसलाई दृढतापूर्वक समात्नु, त्यसमा अडिग रहनु र त्यसको विपरीत जाने कुराबाट जोगिनु अनिवार्य छ। यही नै 'उद्धार पाउने समूह' (अल-फिर्कतुन नाजिया), अर्थात् 'अह्लुस्सुन्नह वल्-जमाअत' को अकिदा हो, जसको बारेमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَا تَـزَالُ طَائِفَةٌ مِنْ أُمَّتِي ظَاهِرِينَ عَلَى الحَقِّ، لَا يَضُرُّهُمْ مَنْ خَذَلَهُمْ، حَتَّى يَأْتِيَ أَمْرُ اللهِ وَهُمْ كَذَلِكَ».

"मेरो उम्मतको एक समूह सधैं सत्यमा अडिग र विजयी रहनेछ। उनीहरूको विरोध गर्ने वा साथ छोड्नेहरूले उनीहरूलाई कुनै हानि पुऱ्याउन सक्ने छैनन्। अल्लाहको आदेश (कियामत) नआएसम्म उनीहरू यसैगरी सत्यमा दृढ रहनेछन्।"[1] "एक हदीसमा आएको छ:

[1] यसलाई मुस्लिमले हदीस नं. (१९२०) मा सौबान (रजियल्लाहु अन्हु) बाट वर्णन गरेका छन्।

«لَا تَزَالُ طَائِفَةٌ مِنْ أُمَّتِي عَلَى الحَقِّ مَنْصُورَةٌ».

"मेरो उम्मतको एक समूह सधैं सत्यमा अडिग र सहयोगप्राप्त (विजयी) रहिरहनेछ।"[1] त्यसैगरी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«افْتَرَقَتِ اليَهُودُ عَلَى إِحْدَى وَسَبْعِينَ فِرْقَةً، وَافْتَرَقَتِ النَّصَارَى عَلَى اثْنَتَيْنِ وَسَبْعِينَ فِرْقَةً، وَسَتَفْتَرِقُ هَذِهِ الأُمَّةُ عَلَى ثَلَاثٍ وَسَبْعِينَ فِرْقَةً كُلُّهَا فِي النَّارِ إِلَّا وَاحِدَةً فَقَالَ الصَّحَابَةُ: مَنْ هِيَ يَا رَسُولَ اللهِ؟ قَالَ: مَنْ كَانَ عَلَى مِثْلِ مَا أَنَا عَلَيْهِ وَأَصْحَابِي».

"यहूदीहरू ७१ सम्प्रदायमा विभाजित भए, ईसाईहरू ७२ सम्प्रदायमा विभाजित भए र यो उम्मत ७३ सम्प्रदायमा विभाजित हुनेछ। तीमध्ये एक बाहेक सबै नरकमा जानेछन्।" सहाबाहरूले सोधे: "हे अल्लाहका रसूल, त्यो कुन समूह हो?" उहाँले भन्नुभयो: "जो म र मेरा सहाबाहरूको मार्गमा अडिग रहनेछ।"[2]

## सही आस्था विपरीत सिद्धान्तहरू

उल्लेखित सही आस्थाबाट विचलित हुनेहरू र त्यसको विपरीत

---

[1] इब्ने माजह (३९५२)। इब्न हिब्बान (६७१४) र हाकिम (८६५३) ले यस हदीसलाई सही भनेका छन्।

[2] यसलाई इमाम तिर्मिजीले (२६४१) मा अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हु) बाट वर्णन गरेका छन्। अल-मुनावीले फैदुल-कदीर (५/३४७) मा भनेका छन्: "यसमा अब्दुर्रहमान बिन जियाद अल-अफ्रीकी छन्, जसलाई इमाम जहबीले कमजोर भनेका छन्", र इमाम अल्बानीले सहीहुल्-जामेअ् (५३४३) मा यस हदीसलाई सही भनेका छन्।

मार्गमा जानेहरू धेरै प्रकारका हुन्छन्। तिनीहरूमध्ये मूर्ति, प्रतिमा, फरिश्ता (देवदूत), औलिया (सन्त), जिन्न, रुख र ढुङ्गा आदिको पूजा गर्नेहरू पनि पर्दछन्। यस्ता मानिसहरूले रसूलहरूको आह्वान स्वीकार गरेनन्, बरु उनीहरूको विरोध र अवज्ञा गरे। जसरी कुरैश र अन्य अरब समुदायहरूले हाम्रा रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सँग गरे। उनीहरूले आफ्ना पूज्यहरूसँग आवश्यकताहरू पूरा गर्न, बिरामी निको गर्न र शत्रुहरूमाथि विजय दिलाइदिन माग्थे। उनीहरूका लागि बलि चढाउँथे र उनीहरूकै नाममा मन्नत मान्थे। जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीहरूको यो कार्यको निन्दा गर्नुभयो र केवल एक अल्लाहको इबादत गर्न आदेश दिनुभयो, तब उनीहरू अचम्मित भए र त्यसलाई अस्वीकार गरे र भने:

﴿أَجَعَلَ ٱلۡأٓلِهَةَ إِلَٰهٗا وَٰحِدًاۖ إِنَّ هَٰذَا لَشَيۡءٌ عُجَابٞ ۝٥﴾

“के उहाँले सबै देवताहरूलाई एउटै देवता बनाइदिनुभयो? निःसन्देह यो त अति आश्चर्यजनक कुरा हो।” [साद: ५]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीहरूलाई निरन्तर अल्लाहको मार्गतर्फ आमन्त्रण गरिरहनुभयो, शिर्क (बहुदेववाद) बाट सचेत गराइरहनुभयो र आफूले आह्वान गरिरहनुभएको कुराको वास्तविकता स्पष्ट पारिरहनुभयो, यहाँसम्म कि अल्लाहले उनीहरूमध्ये केहीलाई मार्गदर्शन प्रदान गर्नुभयो। त्यसपछि मानिसहरू समूह–समूहमा अल्लाहको धर्ममा प्रवेश गरे। यसरी रसूल (सल्लल्लाहु अलैहि वसल्लम), उहाँका सहाबाहरू र उनीहरूका पदचिह्न पछ्याउनेहरू (ताबिईन) को निरन्तर प्रयास र लामो संघर्षपछि अल्लाहको धर्म अन्य

सबै धर्महरूमाथि विजयी भयो। त्यसपछि अवस्था परिवर्तन भयो र अधिकांश मानिसहरूमाथि अज्ञानता हावी भयो। फलस्वरूप धेरै मानिसहरू फेरि जाहिलियत (अज्ञानताको युग) मा फर्किए; उनीहरूले नबीहरू र औलियाहरूको विषयमा अतिशयोक्ति गर्न थाले, उनीहरूलाई पुकार्न र उनीहरूबाट सहायता माग्न थाले तथा शिर्कका अन्य विभिन्न प्रकारहरूमा लागे। उनीहरूले "ला इलाहा इल्लल्लाह" को अर्थ त्यसरी पनि बुझ्न सकेनन् जसरी अरबका काफिरहरूले यसको अर्थ बुझेका थिए। अल्लाह नै सहायक हुनुहुन्छ।

यो शिर्क मानिसहरूबीच हाम्रो समयसम्म पनि फैलिँदै आएको छ; यसको कारण अज्ञानताको प्रबलता र नबूवती (नबुवतको) युगदेखि लामो समय टाढा हुनु हो।

यी पछिल्ला मानिसहरूको शंका पनि पहिलेका मानिसहरूको शंका जस्तै हो, जस्तै उनीहरूको भनाइ:

﴿...هَـٰٓؤُلَآءِ شُفَعَـٰٓؤُنَا عِندَ ٱللَّهِ...﴾

"...यिनीहरु अल्लाहका नजिक हाम्रो सिफारिस गर्नेहरू हुन्...।" [यूनुसः १८] उनीहरूको अर्को भनाइ:

﴿...مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ...﴾

"...हामी केवल यसकारण उनीहरूको पूजा गर्छौं, ताकि उनीहरूले हामीलाई अल्लाहको नजिक पुऱ्याउन सकून्...।" [अज्जुमरः ३] अल्लाहले यस शंकालाई खण्डन गर्नुभएको छ र स्पष्ट पार्नुभएको छ कि

जसले अल्लाह बाहेक अरू कसैको उपासना गर्छ—जो कोही भए पनि—उसले शिर्क गरेको हुन्छ र काफिर हुन्छ, जसरी अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَيَعۡبُدُونَ مِن دُونِ ٱللَّهِ مَا لَا يَضُرُّهُمۡ وَلَا يَنفَعُهُمۡ وَيَقُولُونَ هَٰٓؤُلَآءِ شُفَعَٰٓؤُنَا عِندَ ٱللَّهِ...﴾

"उनीहरू अल्लाह बाहेक त्यस्ता कुराहरूको उपासना गर्छन्, जसले न त उनीहरूलाई हानि पुऱ्याउन सक्छ, न त लाभ दिन सक्छ। उनीहरू भन्छन्: यिनीहरू अल्लाहसमक्ष हाम्रा सिफारिशकर्ताहरू हुन्...।" [यूनुसः १८] अल्लाहले खण्डन गर्दै भन्नुभयो:

﴿قُلۡ أَتُنَبِّـُٔونَ ٱللَّهَ بِمَا لَا يَعۡلَمُ فِي ٱلسَّمَٰوَٰتِ وَلَا فِي ٱلۡأَرۡضِۚ سُبۡحَٰنَهُۥ وَتَعَٰلَىٰ عَمَّا يُشۡرِكُونَ ۝١٨﴾

"भनिदेऊ: के तिमीहरू अल्लाहलाई त्यस्तो कुराबारे जानकारी दिन्छौ, जसलाई उहाँले न आकाशहरूमा जान्नुहुन्छ न पृथ्वीमा? उहाँ पवित्र हुनुहुन्छ र उनीहरूले गर्ने शिर्कभन्दा अत्यन्त उच्च हुनुहुन्छ।" [यूनुसः १८]

यस आयतमा अल्लाह तआलाले स्पष्ट पार्नुभएको छ कि उहाँ बाहेक अरू कसैको—चाहे नबीहरू हुन् वा औलियाहरू वा अरू कोही—उपासना गर्नु ठूलो शिर्क हो, चाहे त्यसका गर्नेहरूले त्यसलाई अरू कुनै नाम किन नदिउन्। अल्लाह तआलाले भन्नुभएको छ:

﴿...وَٱلَّذِينَ ٱتَّخَذُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَ مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ...﴾

“... जसले अल्लाह बाहेक अरूलाई आफ्नो संरक्षक (औलिया) बनाएका छन्, (उनीहरू भन्छन्:) ‘हामी त उनीहरूको उपासना केवल यस कारण गर्छौं कि उनीहरूले हामीलाई अल्लाहसँग नजिक पुऱ्याइदिऊन्...।” [अज्जुमरः ३] त्यसपछि अल्लाह तआलाले उनीहरूको जवाफ यसरी दिनुभयो:

﴿...إِنَّ ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ كَٰذِبٞ كَفَّارٞ﴾

“निःसन्देह अल्लाह तिनीहरूबीच त्यस विषयमा निर्णय गर्नुहुनेछ, जसमा उनीहरू मतभेद गरिरहेका छन्। निःसन्देह अल्लाह त्यस्तो व्यक्तिलाई मार्गदर्शन गर्नुहुन्न जो झूटा र अत्यन्त कृतघ्न (काफिर) हुन्छ।” [अज्जुमरः ३]

यस आयतमा अल्लाह तआलाले स्पष्ट पार्नुभएको छ, उहाँ बाहेक अरू कसैको उपासना—जस्तै दुआ, डर, आशा र यस्तै अन्य कार्यहरू—गर्नु उहाँप्रति कफ्र (इन्कार) हो। साथै उहाँले उनीहरूको यस भनाइलाई पनि झूट ठहराउनुभएको छ कि उनीहरूका देवताहरूले उनीहरूलाई अल्लाहसँग नजिक पुऱ्याउँछन्।

सही आस्था र रसूलहरूले ल्याएको सन्देशको विपरीत भ्रष्ट आस्थाहरूमा मार्क्स, लेनिन र अन्य नास्तिकता तथा कुफ्रका प्रचारकहरूका अनुयायीहरूले अपनाएका विश्वासहरू पनि पर्दछन्। चाहे उनीहरूले यसलाई समाजवाद, साम्यवाद, बाथवाद वा अन्य कुनै नाम दिए पनि यसको अन्तिम सार प्रायः ‘कुफ्र’ (अधर्म) नै मानिन्छ। यी

नास्तिकहरूको मूल सिद्धान्तहरूमध्ये एक हो: “ईश्वर छैन र जीवन केवल पदार्थ मात्र हो।”

उनीहरूको मूल सिद्धान्तहरूमध्ये एक हो: कियामतको इन्कार गर्नु, स्वर्ग र नरकलाई अस्वीकार गर्नु र सबै धर्महरूलाई इन्कार गर्नु। जसले उनीहरूका पुस्तकहरू हेर्छ र उनीहरूको विचारधारा अध्ययन गर्छ, उसले यो कुरा निश्चित रूपमा जान्दछ। यसमा कुनै शंका छैन यो विश्वास समस्त ईश्वरीय धर्महरूको विपरीत छ र यसका अनुयायीहरूलाई यस संसार र परलोकमा सबैभन्दा खराब परिणामहरूतर्फ डोऱ्याउछ।

इस्लामविरोधी आस्थाहरूमध्ये केही सूफी सम्प्रदायसँग सम्बन्धित भनाइहरू पनि उल्लेख गरिन्छ। उनीहरूको केही मान्यता अनुसार केही ‘औलिया’ (सन्त) हरूले यस संसारको व्यवस्थापन र सञ्चालन गर्छन्, जसलाई उनीहरूले अक्ताब, औताद र गौस जस्ता नामहरू दिन्छन्। यो रूबुबियत (प्रभुत्व र ईश्वरत्व) मा शिर्क हो र यसलाई अल्लाहको महानता र सर्वोच्चताको विरुद्धमा गरिने अत्यन्त गम्भीर साझेदारी (शिर्क) मानिन्छ।

जसले इस्लामपूर्व युगका प्रारम्भिक मानिसहरूको बहुदेववादलाई विचार गर्छ र यसलाई पछिल्ला पुस्ताहरूमा व्याप्त बहुदेववादसँग तुलना गर्छ, उसले पछिल्ला पुस्ताहरूको बहुदेववाद ठूलो र गम्भीर भएको पाउनेछ। यसलाई निम्नानुसार व्याख्या गरिएको छ: जाहिलियत (इस्लामपूर्व) का काफिरहरू दुई कुराले विशेष रूपमा चिनिन्थे: पहिलो कुरा: उनीहरूले रबूबियत (प्रभुत्व) मा शिर्क गर्दैनथे, बरु उनीहरूको शिर्क इबादतमा थियो। उनीहरूले अल्लाह तआला एक्लै रब

(पालनकर्ता) हुनुहुन्छ भन्ने स्वीकार गर्थे, जसरी अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَلَئِن سَأَلۡتَهُم مَّنۡ خَلَقَهُمۡ لَيَقُولُنَّ ٱللَّهُ...﴾

"यदि तपाईंले उनीहरूलाई 'तिमीहरूलाई कसले सृष्टि गऱ्यो?' भनी सोध्नुभयो भने, उनीहरूले अवश्य भन्नेछन्: 'अल्लाहले'...।" [अज्जुख्रुफ: ८७]

अल्लाहले भन्नुभएको छ:

﴿قُلۡ مَن يَرۡزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلۡأَرۡضِ أَمَّن يَمۡلِكُ ٱلسَّمۡعَ وَٱلۡأَبۡصَٰرَ وَمَن يُخۡرِجُ ٱلۡحَيَّ مِنَ ٱلۡمَيِّتِ وَيُخۡرِجُ ٱلۡمَيِّتَ مِنَ ٱلۡحَيِّ وَمَن يُدَبِّرُ ٱلۡأَمۡرَۚ فَسَيَقُولُونَ ٱللَّهُۚ فَقُلۡ أَفَلَا تَتَّقُونَ ۝٣١﴾

"(हे नबी!) तपाईं सोध्नुहोस्: 'कसले तिमीहरूलाई आकाश र पृथ्वीबाट जीविका दिन्छ? तिमीहरूको श्रवणशक्ति र दृष्टिमाथि कसको अधिकार छ? कसले निर्जीवबाट सजीवलाई निकाल्छ र सजीवबाट निर्जीवलाई निकाल्छ? अनि कसले सम्पूर्ण सृष्टिको व्यवस्था चलाउँछ?' उनीहरूले निःसन्देह भन्नेछन्: 'अल्लाह।' तब तपाईं भन्नुहोस्: 'त्यसो भए तिमीहरू किन डराउँदैनौ?'"

[यूनुसः ३१] यस अर्थका धेरै अन्य आयतहरू पनि छन्।

दोस्रो कुरा: उनीहरूको इबादतमा गरिएको शिर्क सधैं हुने खालको थिएन; बरु त्यो केवल सुख–सुविधा (आराम) को अवस्थामा मात्र हुन्थ्यो। तर कठिनाइ र संकटको अवस्थामा उनीहरू अल्लाहका लागि

मात्र इबादतलाई शुद्ध बनाउँथे, जसरी अल्लाह तआलाले भन्नुभएको छ:

﴿فَإِذَا رَكِبُواْ فِي ٱلْفُلْكِ دَعَوُاْ ٱللَّهَ مُخْلِصِينَ لَهُ ٱلدِّينَ فَلَمَّا نَجَّىٰهُمْ إِلَى ٱلْبَرِّ إِذَا هُمْ يُشْرِكُونَ ٦٥﴾

"जब उनीहरू डुंगामा चढ्छन्, तब उनीहरू धर्मलाई शुद्ध गर्दै केवल अल्लाहलाई पुकार्छन्; तर जब उहाँले उनीहरूलाई बचाएर स्थलमा ल्याउनुहुन्छ, त्यसपछि उनीहरू फेरि शिर्क गर्न थाल्छन्।"

[अन्कबूत: ६५]

तर पछिल्ला बहुदेववादीहरूले दुई तरिकाले अघिल्लाहरूलाई उछिनेका छन्: पहिलो पक्ष: उनीहरूमध्ये केहीले रबूबियत (अल्लाहको प्रभुत्व) मा पनि शिर्क गरेका छन्। दोस्रो पक्ष: उनीहरूको शिर्क सुख–दुःख दुवै अवस्थामा हुने गर्छ। यो कुरा उनीहरूसँग बस्ने, उनीहरूको अवस्था बुझ्ने र उनीहरूले विभिन्न प्रसिद्ध कबर र मजारहरूमा गर्ने कार्यहरू अवलोकन गर्नेहरूले प्रष्ट रूपमा थाहा पाउँछन्। मिश्रमा हुसेन र बदवीका कबरहरूमा, अदनमा ईदरोस, यमनमा हादी, शाम (सिरिया) मा इब्न अरबी, इराकमा शेख अब्दुल कादिर जिलानी तथा यस्तै अन्य प्रसिद्ध चिहानहरूमा सर्वसाधारणले गर्ने क्रियाकलापहरूबाट यो कुरा प्रष्ट देखिन्छ।

तिनीहरूले यस्ता कबरहरूमा विभिन्न प्रकारका इबादत गर्छन्, जसमा अल्लाह तआलाको अधिकार अरूतर्फ फर्काइन्छ। तर थोरै मात्र मानिस छन्, जसले उनीहरूलाई यसबाट रोक्छन् र अल्लाहले आफ्ना

नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) तथा उहाँअघिका रसूलहरू मार्फत पठाउनुभएको शुद्ध तौहीदको वास्तविकता स्पष्ट पार्छन्।

त्यसैले हामी भन्छौँ: “इन्ना लिल्लाही व इन्ना इलैहि राजिऊन” — निश्चय नै हामी अल्लाहकै हौँ र उहाँतर्फ नै फर्किनेछौँ।

अल्लाहका नाम र गुण (अस्मा व सिफात) सम्बन्धी सही आस्थाको विपरीत पर्ने आस्थाहरूमध्ये जहमिय्या, मुताजिला र उनीहरूको मार्ग अनुसरण गर्नेहरूको आस्था पनि पर्दछ। उनीहरूले अल्लाह तआलाका गुणहरूलाई अस्वीकार गर्छन्, उहाँमा कुनै पनि विशेषता नभएको दाबी गर्छन् र यसरी उहाँलाई अस्तित्वहीन वा निर्जीव वस्तुजस्तो रूपमा प्रस्तुत गर्ने प्रयास गर्छन्। अल्लाह उनीहरूको भनाइभन्दा अत्यन्त उच्च र महान् हुनुहुन्छ।

यसमा ती मानिसहरू पनि पर्छन्, जसले अल्लाहका केही गुणहरूलाई स्वीकार गर्छन् र केहीलाई अस्वीकार गर्छन्; जस्तै अशाएराहरूको आस्था। उनीहरूले स्वीकार गरेका गुणहरूको विषयमा पनि त्यही प्रश्न उठ्छ, जसबाट बच्न उनीहरूले अस्वीकार गरेका गुणहरूको व्याख्या (तावील) गरेका हुन्छन्। यसरी उनीहरूले श्रवणीय (कुरआन–हदीसका) र बौद्धिक प्रमाणहरूको विरोध गर्छन् र यस विषयमा स्पष्ट रूपमा विरोधाभासमा परेका छन्।

जहाँसम्म अह्लुस्सुन्नह वल-जमाअतको कुरा छ, उनीहरूले अल्लाह तआला प्रति ती सबै नाम र गुणहरूलाई स्वीकार गरेका छन्, जुन

अल्लाहले आफ्नो लागि प्रमाणित गर्नुभएको छ वा उहाँका रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले उहाँका लागि प्रमाणित गर्नुभएको छ, पूर्णता (कम्माल) को रूपमा। साथै उनीहरूले अल्लाहलाई उहाँका सृष्टिसँग तुलना गर्ने कुराबाट पवित्र र मुक्त ठानेका छन्—त्यस्तो पवित्रता जसमा कुनै पनि प्रकारको नकार (तअतील) को मिश्रण हुँदैन।

यसरी उनीहरूले सबै प्रमाणहरूलाई स्वीकार गरे, न त तिनलाई विकृत (तह्रीफ) गरे, न त नकारे (तअतील) गरे। यसरी उनीहरू अरूमा देखिएको विरोधाभासबाट सुरक्षित रहे—जसको चर्चा पहिले नै भइसकेको छ।

यो नै मुक्ति र सुखको मार्ग हो—दुनिया र आखेरत दुवैमा। यही सोझो मार्ग (सिरातुल मुस्तकीम) हो, जसमा यस उम्मतका सलफ (पूर्वज) र इमामहरूले अवलम्बन गरेका थिए।

अन्तिम पुस्ता पनि त्यही मार्गबाट मात्र सुधारिनेछ, जसबाट पहिलो पुस्ता सुधारिएको थियो। त्यो भनेको कुरआन र सुन्नहको अनुसरण गर्नु र ती दुवैको विपरीत जाने कुराहरूलाई त्याग्नु हो। हामी महान् अल्लाहसँग यस राष्ट्रलाई फेरि सही मार्गदर्शन गर्न, उपदेशकहरूको संख्या बढाउन, यसका नेताहरू र विद्वानहरूलाई बहुदेववादसँग लड्न, यसलाई उन्मूलन गर्न र यसको माध्यमहरू विरुद्ध चेतावनी दिन सफलता प्रदान गर्न प्रार्थना गर्दछौं...। निश्चय नै उहाँ सर्वश्रोता र अत्यन्त नजिक हुनुहुन्छ। अल्लाह नै सफलताको मालिक हुनुहुन्छ। उहाँ नै हाम्रो लागि पर्याप्त हुनुहुन्छ र उत्तम भरोसा योग्य हुनुहुन्छ। उहाँबिना कुनै शक्ति र कुनै

सामर्थ्य छैन। अल्लाहले आफ्ना दास र रसूल, हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) तथा उहाँका परिवार र उहाँका सहाबाहरूमाथि शान्ति र बरकत प्रदान गरून्।

***

ne397v4.0 - 04/06/2026

رئاسة الشؤون الدينية
بالمسجد الحرام والمسجد النبوي

# رسالة الحرمين

# Message of The Two Holy Mosques

Guidance content for the visitors of the Holy Mosque and the Prophet's Mosque in languages.